दक्षिणः– राम्बेगाउँबाट शुरू भई सीधा पूर्व डोगलाङ गाउँ बाहिर पार्दै केरलेखोला हुँदै पाङसुसम्म। त्यसपछि उत्तरतर्फ पाङसु, सिलिपु गाउँहरू बाहिर पार्दै चोटाङ खोला हुँदै दक्षिणतर्फ पाङगुडाँडासम्म। त्यहाँबाट उत्तर पूर्वतर्फ मेरेडाँडा हुँदै मेलम्चे गाउँसम्म। त्यहाँबाट मेलम्चेगाउँ बाहिर पार्दै थामेबिरखोला पछ्याउँदै ठीक पूर्वपट्टि गङ्खखर्कसम्म। गङ्खखर्कबाट उत्तर–पूर्व हुँदै गएपछि फेरि दक्षिणतर्फ याङ्ग्रीगाउँ बाहिर पार्दै लार्केखोलासम्म। लार्केखोलाबाट ठीक पूर्व तेर्सो हुँदै चाङसमफु भई ढुक्सोलखोला पछ्याउँदै उत्तरतर्फ सागालोङ गाउँसम्म। त्यहाँबाट उत्तरतर्फ सागालोङगाउँ बाहिर पार्दै महथानगाउँसम्म। त्यहाँबाट दक्षिणतर्फ महथान, टेम्पाथाङ गाउँ बाहिर पार्दै निमालामु हुँदै नोसेमखोलासम्म।

पूर्वः– उत्तरतिर नोसेमखोलाको सिरानतर्फ खोलैखोला गएपछि पूर्विछ्याचु सम्म। पूर्विछ्याचुदेखि ठीक उत्तर नेपाल–चीन सिमानासम्म।

उत्तरः– नेपाल–चीन सिमाना हुँदै पश्चिमपट्टि रसुवागढीसम्म।

द्रष्टव्यः– (क) उपरोक्त चारकिल्लाभित्र पर्ने लामटाङ गाउँ र सेर्पा गाउँहरूले चर्चेका आवादी जग्गाहरू बाहेक राष्ट्रिय निकुन्ज कायम गरिएको छ।

(ख) निकास बाटोको सुविधा साविक बमोजिम कायम रहनेछ।

आज्ञाले–
धीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## बन मन्त्रालयको
## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्री ५ को सरकारको सदर चिडियाखाना विस्तार गर्ने कार्यको लागि बागमती अञ्चल, ललितपुर नगर पञ्चायत वडा नं. ४ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व चिडियाखानाको पर्खाल, पश्चिम सडक, उत्तर चिडियाखानाकै पर्खाल, दक्षिण बाटो यति चारकिल्लाभित्रको कि.नं. ७० को पूरा २–४–०, कि.नं ७१ को पूरा ०–१५–२, कि. नं. ७२ को पूरा ०–५–०, कि. नं. २१३ को पूरा १–०–०, कि. नं. २१४ को पूरा १–४–० समेत जम्मा मालपोत रू. २२।६६ (बाईस रूपैयाँ छैसट्ठी पैसा) लाग्ने जम्मा जग्गा रोपनी ५–१२–२ (पाँच रोपनी बाह्र आना दुई पैसा) को कित्ता।

आज्ञाले–
धीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

C052